# लालझाडी राजपत्र

## लालझाडी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ८ संख्या ७ मिति २०८१ कार्तिक २८ गते**

## भाग २

## लालझाडी गाउँपालिकाको सूचना

यस लालझाडी गाउँपालिकाको **राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७७** बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो मापदण्ड प्रकाशन गरिएको छ;

संवत् २०८१ को मापदण्ड नं. ७

**प्रस्तावना:** लालझाडी गाउँपालिकाको गाउँसभाबाट पारित वार्षिक कार्यक्रम बमोजिम आर्थिक अवस्था कमजोर भएका, अभिभावक विहिन, द्वन्द्वपिडित, असहाय, दलित, आदिवासी, जनजाती, मुक्त कमलरी, मुक्त कमैया, मुक्त हलिया, अपाङ्गता

भएका तथा जेहेन्दार विद्यार्थीहरुलाई **अध्यक्ष विशेष उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम** सञ्चालन गरी उच्च शिक्षा तथा प्राविधिक विषय अध्ययन गराउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८१ को दफा ८ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी लालझाडी गाउँकार्यपालिकाले देहायको मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम **"अध्यक्ष विशेष उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सञ्चालन मापदण्ड ,२०८१"** हुनेछ ।

(२) यो मापदण्ड गाउँ कार्यपालिकाबाट पारित भै लालझाडी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

क) **"गाउँपालिका"** भन्नाले लालझाडी गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) **"कार्यालय प्रमुख"** भन्नाले लालझाडी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

घ) **"समिति"** भन्नाले गाउँपालिकाको छात्रवृत्ति छनौट समितिलाई सम्झनुपर्दछ ।

ङ) **"शिक्षा अधिकृत"** भन्नाले यस गाउँपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनुपर्दछ ।

च) **"वडा"** भन्नाले लालझाडी गाउँपालिका अन्तरगत रहेका वडाहरुलाई सम्झनु पर्दछ ।

छ) **"कार्यालय"** भन्नाले लालझाडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

लालझाडी गाउँपालिका

३. **<u>छात्रवृत्ति छनौट समितिः</u>** (१) यो छात्रवृत्ति व्यवस्थापनका लागि निम्नानुसार छात्रवृत्ति छनौट समिति हुनेछ ।

क) गाउँपालिका अध्यक्ष - संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

ङ) शिक्षा अधिकृत - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **<u>समितिको काम कर्तव्य र अधिकारः</u>** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) प्राप्त आवेदनलाई अभिलेखीकरण र मूल्याङ्कन गरी योग्यताक्रम निर्धारण गर्ने,

ख) छात्रवृत्ति वितरण गर्ने,

ग) छात्रवृत्ति वितरण प्रक्रियालाई प्रभावकारी कार्यान्वयन गर्ने वा गराउने,

घ) लक्षित वर्गले छात्रवृत्ति प्राप्त गरे नगरेको सुनिश्चित गर्ने वा गराउने,

ङ) छात्रवृत्ति वितरण सम्बन्धी विवरण अद्यावधिक गर्ने वा गराउने।

५. **छात्रवृत्ति प्राप्त गर्ने आधारहरूः** (१) यो छात्रवृत्ति प्राप्त गर्न निम्न आधारहरु तय गरिएको छ ।

क) कक्षा ११-१२ मा प्राविधिक विषय अध्ययनरत विद्यार्थीहरुले आवेदन दिन पाउनेछन् ।

ख) साधारण धार तर्फ स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुले आवेदन दिन पाउनेछन् ।

ग) लालझाडी गाउँपालिकामा स्थायी ठेगाना भएका र गाउँपालिका भित्रका सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा तथा माध्यमिक तह उत्तीर्ण परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुले मात्र यो छात्रवृत्ति कार्यक्रममा सहभागी हुन पाउनेछन् ।

घ) आर्थिक रुपले वार्षिक न्यून आय भएका, असहाय एवं अभिभावक विहीन, जेहेन्दार विद्यार्थीहरुले विशेष प्राथमिकता पाउनेछन् ।

६. <u>**आवेदन मागः**</u> (१) दफा २ बमोजिमको समितिको निर्णय बमोजिम छात्रवृत्तिका लागि आवेदन माग गर्न कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

(२) छात्रवृत्तिका लागि इच्छुक तथा योग्य उम्मेदवारहरुले दफा ७ बमोजिमका कागजात सहित तोकिए बमोजिम हस्तलिखित निवेदन पेश गर्नुपर्नेछ ।



लालझाडी गाउँपालिका

७. **छात्रवृत्तिका लागि आवश्यक कागजातहरु :** (१) छात्रवृत्ति प्राप्त गर्न इच्छुक आवेदकले देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि अथवा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि अथवा नावालक परिचय पत्र को प्रतिलिपि।

ख) सम्बन्धित वडाबाट स्थायी बासिन्दा भएको व्यहोरा खुल्ने प्रमाणित कागजात ।

ग) मान्यता प्राप्त सामुदायिक शिक्षण संस्थाबाट एस.इ.इ. वा एस.एल.सी. परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र सहित शैक्षिक योग्यताका प्रमाणपत्रहरु ।

घ) नियमित रुपमा अध्ययनरत रहेको र अन्य कुनै संघ संस्था बाट छात्रवृत्ति प्राप्त नगरेको सम्बन्धित शैक्षिक संस्थाको सिफारिस पत्र ।

ङ) आदिवासी, जनजाती, अभिभावक विहिन, द्वन्द्वपिडित, असहाय,

दलित, मुक्त कमलरी, मुक्त कमैया, मुक्त हलिया, अपाङ्गता सम्बन्धी विवरण खुल्ने परिचय पत्र वा सिफारिस वा अन्य कागजात।

च) व्यक्तिगत बैंक खाता रहेको बैंकको चेकको प्रतिलिपि ।

छ) अन्य कागजातहरु ।

८. <u>छात्रवृत्तिको लागि योग्यताक्रम निर्धारणः</u> (१) छात्रवृत्ति वितरणका लागि योग्यताक्रम निर्धारण गर्दा देहाय बमोजिमको मापदण्डको आधारमा बढीमा एक सय अङ्क प्रदान गरिनेछ।

क) शैक्षिक योग्यता वापत एस.ई.ई./एस.एल.सि. मा प्राप्त प्राप्ताङ्कको आधारमा सत्तरी अङ्क।

ख) अपाङ्गता बापत पाँच अङ्क,

ग) आदिवासी जनजाति, दलित समुदायलाई पाँच अङ्क,

घ) बाबु आमा दुबै नभएका वर्गलाई दश अङ्क र बाबु वा आमा मध्ये एक नभएमा पाँच अङ्क,।

ङ) द्वन्द्वपिडित परिवारका सदस्यलाई पाँच अङ्क,

च) मुक्त कम्लहरी, मुक्त हलिया, मुक्त कमैया समुदायलाई पाँच अङ्क

(२) दफा (८) को खण्ड (क) बमोजिम शैक्षिक योग्यता बापत अङ्क निर्धारण गर्दा पूर्ण अङ्क सत्तरीलाई शतप्रतिशत मानी देहाय बमोजिम अङ्क निर्धारण गर्नुपर्नेछ ।

क) स्तरीकृत औषत अङ्क (Grade Point Average-GPA) को हकमा,

१. ३.६ भन्दा माथि - १००%

२. ३.२ भन्दा माथि ३.६ सम्म - ९५%

३. २.४ भन्दा माथि ३.२ सम्म - ९०%

४. १.६ वा सो भन्दा माथि २.४ सम्म-८५%

ख) प्रतिशतको हकमा,

१. विशिष्ट श्रेणी - १००%

२. प्रथम श्रेणी - ९५%



लालझाडी गाउँपालिका

३. द्वितिय श्रेणी - ९०%

४. तृतिय श्रेणी - ८५%

(३) दफा (८) को उपदफा (१) बमोजिम मापदण्डको आधारमा प्राप्त भएको अङ्कलाई जोडी योग्यताक्रम निर्धारण गर्नुपर्नेछ ।

(४) दफा (८) को उपदफा (३) बमोजिम योग्यता सूचीको आधारमा छनोट भएका विद्यार्थीलाई विनियोजित बजेटका आधारमा छात्रवृत्ति वापतको रकम बैंक खाता मार्फत एकमुष्ठ उपलब्ध गराउनु पर्नेछ।

९. **मापदण्ड संशोधनः** (१) यस मापदण्डको संशोधन कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**बाधा अडकाउ फुकाउः** यस मापदण्डको व्याख्या गर्ने तथा बाधा अडकाउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

आज्ञाले

राज बहादुर सार्की

प्रमुख प्रशासकीय अधिकृत